आज मिति २०८०।०७।२२ गते बुधबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | — |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | — |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | — |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**नगर कार्यपालिकाको आ.व.०८०।८१ को पाँचौ बैठक २०८०।०७।२२ को प्रस्ताव तथा कार्यसूची**

प्रस्ताव नं. ५.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ५.२ भुकम्प पिडितहरुलाई राहत सहयोग,

प्रस्ताव नं. ५.३ योजना व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं. ५.४ लोगो छनोटको लागि समिति सम्बन्धमा,

प्रस्ताव नं. ५.५ सिमाना सम्बन्धी समस्या सम्बन्धमा,

प्रस्ताव नं. ५.६ जनशक्ति व्यवस्थापन सम्बन्धमा (प्राविधिक तथा अन्यको माग आकृती पठाउने),

प्रस्ताव नं. ५.७ पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधि, २०७९ (ससोधन),

प्रस्ताव नं. ५.८ पशुपंक्षी तथ्याङ्क संकलन निर्देशिका, २०८० स्वीकृति सम्बन्धमा,

प्रस्ताव नं. ५.९ नगर युवा परिषद् संचालन कार्यविधि, २०८०,

प्रस्वाव नं. ५.१० संघीय मन्त्रालय एवं आयोगहरुबाट प्राप्त परिपत्रहरु सम्बन्धमा,

प्रस्ताव नं. ५.११ विविध ।

भक्तिराज भराशिनी
प्रमुख प्रशासकीय अधिकृत

मितिः२०८०।०७।२२, बाणगङ्गा नगरपालिका आ.व.०८०।८१ को कार्यपालिका वैठक संख्याः५

**प्रस्ताव नं. ५.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ५.१** मितिः२०८०।०६।२४ गते बसेको यस नगर कार्यपालिकाको बैठकका निर्णयहरु अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका स्वीकृत भई कार्यान्वयनमा रहेको छ । सम्मृद्धिका लागि वन अन्तर्गत आ.व.२०८०।०८१ को कार्यक्रम स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको, घरनक्सा अभिलेखिकरणको सूचना प्रकाशित भई कार्तिक महिना देखि कार्यान्वयनमा आएको । औधोगिक ग्रामको DPR Review सम्बन्धमा परामर्शदातासंग समन्वय भईरहेको । छाडा चौपाया व्यवस्थापन सम्बन्धी समितिको बैठक बसी तयार गरेको कार्यविधि र निर्देशिकाको नम्स कार्यपालिकामा पेश भएको । अटोरिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अध्ययन भईरहेको, नदीजन्य पदार्थ संकलन तथा व्यवस्थापनको लागि Technical Report सम्बन्धमा परामर्श दातासंग समन्वय भईरहेको, घर नम्बरिङ सम्बन्धमा ९५ प्रतिशत घरहरुमा नम्बरिङ गरिसक्रेको र तिहार विदा पछि लगतै कार्यपालिकामा प्रगति प्रस्तुत गर्न सुझाव दिईएको छलफल तथा समिक्षा गरियो ।

**प्रस्ताव नं. ५.२ भुकम्प पिडितहरुलाई राहत सहयोग**

**निर्णय नं. ५.२** २०८० कार्तिक १७ गते शुक्रबारका दिन जाजरकोट केन्द्रबिन्दु रही शुक्रबार रातिको ६.४ म्यामिच्युडको जाजरकोट भूकम्पले जनधनमा ठूलो क्षेती पुराएकोले राहत स्वरुप रु.५,००,०००।– लाख विपद कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.३ योजना व्यवस्थापन सम्बन्धमा,**

**निर्णय नं. ५.३** हालसम्म ३१ वटा योजनाका ठेक्काहरु ई-विडिङको माध्यमबाट ठेक्का सूचना भई प्रकृयामा रहेका र ५ वटा योजना ई-बिडिङको प्रकृयामा रहेको प्रस्तुतिकरणबाट जानकारी भयो र उपभोक्ता समितिबाट सम्पादन गर्नुपर्ने योजनाहरुहरुलाई अबिलम्म उपभोक्ता समिति गठन गरी उनीहरुलाई अभिमूखिकरण गर्ने र मंसिर मसान्तसम्म सबै योजनाहरु सम्झौता गरिसक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५.४ लोगो छनोटको लागि समिति सम्बन्धमा,**

**निर्णय नं. ५.४** मितिः२०८० श्रावण ....को बाणगङ्गा नगर कार्यपालिकाको निर्णय अनुसार मितिः २०८० असार १५ गते लोगो निर्माणको लागि सर्वसाधरणहरुबाट लोको डिजाईन गरी पेश गर्न आव्हान गरिएकोमा समय भित्र पेश हुन आएका लोको मध्यबाट कम्तिमा ५ वटा लोगोहरु सर्टलिष्टिङ गरी कार्यपालिकामा छनोटको लागि पेश गर्न निम्नानुसारको लोगो छनोट समिति गठन गर्ने निर्णय गरियो ।

- बिष्णु गिरी – संयोजक - अध्यक्ष वडा नं. ७
- करून टण्डन – सदस्य - अध्यक्ष वडा नं. ६
- यमलाल पोखेल – सदस्य - अध्यक्ष वडा नं. १०
- शान्ता पाण्डे – सदस्य - कार्यपालिका सदस्य
- मिलन पोख्रेल – सदस्य सचिव – सूचना प्रविधि अधिकृत

**प्रस्ताव नं. ५.५ सिमाना सम्बन्धी समस्या सम्बन्धमा,**

**निर्णय नं. ५.५** यस नगरपालिकाका विभिन्न वडाहरु र छिमेकी पालिकाहरुसंग र छिमेकी जिल्लासंग समेत सिमाना नक्साङ्कनमा समस्या देखिँदै आएको र सो को समाधानको लागि पटक पटक संघीय मामिला तथा समान्य प्रशासनमा लेखि पठाएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संघीय मामिला शाखाको च.नं.३८, मितिः२०८०।०७।१७ को पत्र बमोजिम स्थानीय तहहरुमा रहेका सिमाना विवादको सम्बन्धमा लेखि पठाउने गरी परिपत्र भएकोले यस नगरपालिका भित्रका वडाहरुको सिमा तथा छिमेकी पालिकाहरुसंगको सिमा समस्या समाधानको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

अकिरराज मराशिनी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५.६ जनशक्ति व्यवस्थापन सम्बन्धमा (प्राविधिक तथा अन्यको माग आकृती पठाउने),**

**निर्णय नं. ५.६** यस कार्यालय र अन्तर्गत कार्यालयहरुमा रिक्त रहेका पदहरु मध्ये हाललाई निम्नानुसारको पदहरु पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशमा माग आकृती फारम भरी पठाउने निर्णय गरियो।

| सि.नं. | पद | तह | सेवा, समूह | माग गर्ने संख्या |
|---|---|---|---|---|
| | | स्वास्थ्य तर्फ | | |
| १ | वरिष्ठ मेडिकल सुपरीटेन्डेन्ट | ९/१० | स्वास्थ्य, जनरल | १ |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य, जनरल | २ |
| ३ | जनस्वास्थ्य अधिकृत | ७ | नेपाल स्वास्थ्य | १ |
| | | प्राविधिक तर्फ | | |
| १ | सि.डि.ई. | ९/१० | ईन्जिनियरिङ्ग, सिभिल | १ |
| २ | सव- ईन्जिनियर | ५ | ईन्जिनियरिङ्ग, सिभिल | ३ |
| ३ | अ.सव. ईन्जिनियर | ४ | ईन्जिनियरिङ्ग, सिभिल | १ |
| | | प्रशासन तर्फ | | |
| १ | स. लेखापाल | ४ | नेपाल प्रशासन, लेखा | १ |

**प्रस्ताव नं. ५.७ पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधि, २०७९ (ससोधन),**

**निर्णय नं. ५.७** छाडा चौपाया व्यवस्थापन समितिबाट ड्राफ्ट तयार भई नगरको विधायन समितिबाट सिफारिस भई आएको पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधि, २०७९ (संसोधन, २०८०) संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.८ पशुपंक्षी तथ्याङ्क संकलन निर्देशिका, २०८० स्वीकृति सम्बन्धमा,**

**निर्णय नं. ५.८** पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधि, २०७९ (संसोधन, २०८०) अनुसार छाडा चौपाया व्यवस्थापन गर्ने प्रारम्भिक अध्यन गरी तथ्याङ्क तयार गर्न तयार गरिएको पशुपंक्षी तथ्याङ्क संकलन निर्देशिका, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.९ नगर युवा परिषद् संचालन कार्यविधि, २०८०,**

**निर्णय नं. ५.९** सामाजिक विकास समितिबाट ड्राफ्ट तयार भई विधायन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको नगर युवा परिषद् संचालन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्वाव नं. ५.१० संघीय मन्त्रालय एवं आयोगहरुबाट प्राप्त परिपत्रहरु सम्बन्धमा,**

**निर्णय नं. ५.१०** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखाको च.नं. ३८ मितिः२०८०।०७।१७ को पत्रानुसार राष्ट्रिय समावेशी आयोगको निर्णय सम्बन्धमा परिपत्र भएको विषय बैठकमा प्रस्तुत भई जानकारी भयो साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मितिः२०८०।०७।१६ को प्रेस विज्ञप्ति मा २२ बुँदे सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा भएको परिपत्र प्रस्तुत भई छलफल भयो सो सम्बन्धमा योजना तर्जुमा, कार्यान्वयन तथा सेवा प्रवाहमा सुझावहरुलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.११ विविध**

**निर्णय नं. ५.११.१** तौलिहवा, कोपवा हुँदै बनगाई मोतिपुर हुँदै भर्लाबास जाने सडक अन्तर्गत बाणगङ्गा खोलामा रहेको कज्वे नबन्दा सम्म उक्त बाटो हुँदै हिड्ने यात्रुहरुलाई निकै समस्या परिरहेकोले तत्काललाई मौजुदा रहेका ह्युम पाईपलाई प्रयोग गरी खोला क्रस गर्ने बाटो बनाउन रु.१,९०,३८८।– मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रममा रहेको बजेटबाट रकम छुट्याई दिपावली (तिहार) पर्व शुरुहुनु पूर्व चाडवाडमा आवतजावतमा सहजता ल्याउन तत्काल प्रयोगमा ल्याउने गरी सम्झौता गरी कार्य प्रारम्भ गर्ने निर्णय गरियो।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५.११.२** वडा नं. ७ को कार्यालय मर्मत सम्भारको लागि रु.४,५०,०००।– (चार लाख पचास हजार) रकम मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रममा रहेको बजेटबाट रकम छुट्याई मर्मत सम्भार गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.११.३** बुङ्ची जहदी सडक तथा बनगाई मोतिपुर सडकमा खाल्डाखुल्डी भई आवतजावतमा समस्या देखिएकोले तत्काल सामान्य मर्मत सम्भारको लागि मर्मत सम्भार शिर्षकबाट बुङ्ची-जहदी सडकको लागि रु.२,५०,०००।– (दुईलाख पचास हजार) र बनगाई मोतिपुर सडकको लागि रु.२,५०,०००।– गरी जम्मा रु.५लाख छुट्याउने निर्णय गरियो।

**निर्णय नं. ५.११.४** संस्कृत संरक्षण तथा प्रवर्द्धन गर्दै लाखे नाच र गाईजात्रा मनाउन नेवार जातिहरुले कार्यक्रम खर्च वापत भएको रकम मध्ये लाखे नाचको लागि रु.३०,०००।– (तीस हजार) र गाईजात्राको लागि रु.३०,०००।– (तीस हजार) स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. २६० मा रहेको विभिन्न दिवश, उत्सव जातजाती संस्कृति संरक्षण तथा सम्वर्द्धन शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५.११.५** संघीय सरकारबाट हस्तान्तरित (विशेष अनुदान) कार्यक्रम अन्तर्गत लक्ष्मणघाट मा.वि.को भवन निर्माण कार्यको लागि रु.५०,००,०००।– (पचास लाख) बजेट विनियोजन भएकोमा उक्त भवनको ल.ई. तयार गर्दा १ करोड ६ लाख ६५ हजार ६ सय अठासी लागत लाग्ने भएको र उक्त विद्यालयको भवन निर्माणको लागि बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको र नपुग रकम अर्को वर्ष उक्त विद्यालयको लागि संघीय बजेट प्राप्त नभएमा नगरबाट वडालाई छुट्याउने नगरका वडास्तरीय योजनाको रुपमा बजेट व्यहोर्ने गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ५.११.६** आय ठेक्का तर्फ नगर निकासीको आय ठेक्काको लागि ३ पटक सम्म ई-बिडिङ् गर्दा समेत कुनै ठेक्का नपरेको कारण हाल अमानतबाट उठाउँदै आएको आन्तरीक आय ठेक्काको पुनः एक पटक ई-बिडिङको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५.११.७** नगरपालिकालाई प्रतिवादी बनाई दायर हुने मुद्दाहरुमा यस बाणगङ्गा नगरपालिकाको तर्फबाट बारिस भई तारीख बुझ्ने वापत अघिल्ला आर्थिक वर्षहरुको समेत भुक्तानी बाँकी रहेकोले हालसम्मको प्रति तारिख रु.५००।– उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५.११.८** यस नगरपालिकाको आ.व.२०८०।०८१ को वार्षिक बजेट किताबको पाना नं. ४७ मा रहेको तालिम तथा कार्यक्रम संचालन नम्स अन्तर्गत सि.नं. ६ र ७ मा दररेट छुट हुन गएकोले अघिल्लो आर्थिक वर्षमा रहेको दररेट अनुसार हुने गरी निम्मनानुसार समावेस गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | खर्च शिर्षक | ईकाई | दर |
|---|---|---|---|
| ६ | सहभागी यातायात खर्च (वडाको कार्यक्रममा सहभागी हुने स्थानीय व्यक्तिको लागि) | प्रति व्यक्ति, प्रति दिन | ३००।- |
| ७ | सहभागी यातायात खर्च (नगर तर्फको कार्यक्रम) | प्रति व्यक्ति, प्रति दिन | ५००।- |

भक्तिराज मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner